फिक्कल गाउँपालिका

खाङसाङ, सिन्धुली

बागमती प्रदेश, नेपाल

स्थानीय राजपत्र

खण्डः८ संख्याः२ मितिः २०८१/०४/०१

भागः १


# फिक्कल गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, सिन्धुलीको विनयोजन ऐन,२०८१

**फिक्कल गाउँपालिका, सिन्धुली को आर्थिक बर्ष २०८१/८२ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन**

सभाबाट स्वीकृत मितिः २०८१/०३/१०

प्रस्तावना: फिक्कल गाउँपालिका, सिन्धुली २०८१/८२ को सेवा र कार्यहरूको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम फिक्कल गाउँपालिका, सिन्धुलीको गाउँ सभाले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भःफिक्कल गाउँपालिका" यस ऐनको नाम (१) , सिन्धुलीको विनियोजन ऐन,२०८१" रहेको छ ।

(२)यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. आर्थिक वर्ष २०८१/८२ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः (१) आर्थिक वर्ष २०८१/८२ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरूका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम ५३. १०. ६३,८८० (अक्षेरुपी रुपैयाँ त्रिपन्न करोड दश लाख त्रिसठ्ठी हजार आठ सय बयासी असी रुपैया मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. विनियोजन: (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८१/८२को निमित्त फिक्कल गाउँपालिका, सिन्धुलीको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरूको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरूको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरूबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरूमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा वाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरूमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ।

अनुसुची १

फिक्कल गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय, सिन्धुली

कार्यालयको कोड : ८०३२५५०४३००

Sectors wise Budget vs Expenditure

रु. हजारमा

| आ.व. : २०८१/८२ महिना : सबै अवधी : २०८१/०४/०१-२०८१/०४/१७ | | | | | |
|---|---|---|---|---|---|
| क्र. सं. | क्षेत्र/उप क्षेत्र | विनियोजन | खर्च | खर्च (%) | मौज्दात |
| १ | आर्थिक विकास | १,८१,५२,०००.०० | ०.०० | ० | १,८१,५२,०००.०० |
| २ | कृषि | १,५४,१०,०००.०० | ०.०० | ० | १,५४,१०,०००.०० |
| ३ | सहकारी | ५,००,०००.०० | ०.०० | ० | ५,००,०००.०० |
| ४ | पशुपन्छी विकास | २२,४२,०००.०० | ०.०० | ० | २२,४२,०००.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | सामाजिक विकास | ३०,२३,३०,७४५.०० | ०.०० | ० | ३०,२३,३०,७४५.०० |
| ६ | शिक्षा | २३,२२,३७,७४५.०० | ०.०० | ० | २३,२२,३७,७४५.०० |
| ७ | स्वास्थ्य | ४,१०,६९,०००.०० | ०.०० | ० | ४,१०,६९,०००.०० |
| ८ | खानेपानी तथा सरसफाई | १,०७,५०,०००.०० | ०.०० | ० | १,०७,५०,०००.०० |
| ९ | लैंगिक समानता तथा सामाजिक समावेशीकरण | २७,४४,०००.०० | ०.०० | ० | २७,४४,०००.०० |
| १० | युवा तथा खेलकुद | २५,००,०००.०० | ०.०० | ० | २५,००,०००.०० |
| ११ | सामाजिक सुरक्षा तथा संरक्षण | १,३०,३०,०००.०० | ०.०० | ० | १,३०,३०,०००.०० |
| १२ | पूर्वाधार विकास | ९,९६,६९,४३५.०० | ०.०० | ० | ९,९६,६९,४३५.०० |
| १३ | यातयात पूर्वाधार | ३,५२,८०,०००.०० | ०.०० | ० | ३,५२,८०,०००.०० |
| १४ | भवन, आवास तथा सहरी विकास | ४,७७,१५,४३५.०० | ०.०० | ० | ४,७७,१५,४३५.०० |
| १५ | पुननिर्माण | १,६६,७४,०००.०० | ०.०० | ० | १,६६,७४,०००.०० |
| १६ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ९६,२१,०००.०० | ०.०० | ० | ९६,२१,०००.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| १७ | वातावरण तथा जलवायु | ३,००,०००.०० | ०.०० | ० | ३,००,०००.०० |
| १८ | विपद व्यवस्थापन | २५,००,०००.०० | ०.०० | ० | २५,००,०००.०० |
| १९ | मानब संशाधन विकास | ८,००,०००.०० | ०.०० | ० | ८,००,०००.०० |
| २० | शान्ति तथा सुव्यवस्था | १५,३४,०००.०० | ०.०० | ० | १५,३४,०००.०० |
| २१ | शासन प्रणाली | १४,२७,०००.०० | ०.०० | ० | १४,२७,०००.०० |
| २२ | गरिबी निवारण | २८,३५,०००.०० | ०.०० | ० | २८,३५,०००.०० |
| २३ | श्रम तथा रोजगारी | २,२५,०००.०० | ०.०० | ० | २,२५,०००.०० |
| २४ | कार्यालय सञ्चालन तथा प्रशासनिक | १०,१२,९०,७००.०० | ०.०० | ० | १०,१२,९०,७००.०० |
| २५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | १०,१२,९०,७००.०० | ०.०० | ० | १०,१२,९०,७००.०० |
| कुल जम्मा | | ५३,१०,६३,८८०.०० | ०.०० | ० | ५३,१०,६३,८८०.०० |

**आज्ञाले**

**डम्बरबहादुर रजनमगर**

**प्रमुख प्रशासकीय अधिकृत**